ब्याँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुन्सेरा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**सभाका सदस्यज्यूहरु,**

यस गरिमामय सभामा ब्याँस गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु । वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनुहुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सम्पूर्ण महानुभावहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु । जनताका विभिन्न आन्दोलनहरुको परिणामस्वरुप प्राप्त नेपालको संविधानले शासकीय सत्तालाई जनताको घरदैलोसम्म पुर्याएर प्रत्येक नागरिकलाई सुशासन तथा आत्मनिर्णयको अधिकार सुनिश्चित गरेको छ। अहिले स्थानीय सरकारहरु सोही अधिकारको प्रयोगलाई उच्चतम विन्दुमा पुर्याउन तल्लीन छन्। नागरिकका अधिकार संरक्षण तथा प्रवर्द्धन गर्न अघि बढिरहेको यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

भारतले अतिक्रमण गरेको कालापानी ,लिपुलेक र लिम्पियाधुरा जस्ता प्रसिद्ध क्षेत्र भएको तथा धार्मिक एवं पर्यटकीय दृष्टिकोणले समेत महत्त्व बोकेको ब्याँस गाउँपालिका देशकै भौगोलिक र सामरिक महत्त्व बोकेको गाउँपालिका हो । हिन्दु धर्मावलम्बीहरुको सबैभन्दा ठूलो धाम कैलाश मानसरोबरको आगन, सेता दन्तलहर झै टलक्क टल्केका हिमालहरुको बक्षस्थल, ऋषि बेद ब्यासको तपोभूमी यस ब्याँस गाउँपालिकाको शैक्षिक, आर्थिक ,धार्मिक, पर्यटकीय तथा सुशासन र दिगो विकासमा योगदान गर्न आर्थिक वर्ष २०८१।०८२ का लागि यथार्थमा आधारित नीति तथा कार्यक्रम ल्याएको छु ।साथै स्थानीय तह निर्वाचनका क्रममा आम ब्याँस गाउँपालिका बासी जनता सामु गरिएका प्रतिवद्धताहरुलाई प्राथमिकतामा राखि विकासका आयोजना/कार्यक्रमहरु नीति तथा कार्यक्रममा समेटिएको छ ।

सुन्दर, समुन्नत र समृद्ध ब्याँस गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिकावासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिवद्धताहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८१।०८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं । यसका लागि दिगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोत साधनको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासिल गर्न सार्वजनिक, निजी क्षेत्र र समुदायको साझेदारीमा विकास गरिनेछ ।
ब्याँस गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, सुकुम्वासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध बिकास तथा बस्ती विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ ।



२०८१।०३।८

**सभाका सदस्यज्यूहरु,**
**अब म विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक,प्रशासनिक, आदि)बारे जानकारी गराउन चाहन्छु ।**

संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तारणमा नकारात्मक असर पुगेको छ । नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेशिनु पर्ने अवस्थाले हामी सवैलाई गम्भीर बनाएको छ ।आन्तरिक र बाह्य बसाइसराईका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन । उब्जाउ खेतबारी बाँझो हुन पुगेका छन । यस सन्दर्भमा युवालाई देशभित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाइलाई आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ । यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडि बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ । यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनुपर्ने अवस्था सृजना भएकोछ ।

सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि विद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी बनाउनु पर्ने अवस्था देखिन्छ ।

**विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती:**

**क. विद्यमान अवसरहरूः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छन्

१.संविधानत: अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यासहुनु ।
३.बिकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु ।
४.सडक निर्माणमा भएको लगानीसंगै गाउँपालिका अन्तर्गतका अधिकाशं वडाहरुमा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु ।

**ख. विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः

१. रोजगार उन्मुख सीपमूलक शिक्षाको विकास नहुनु।
२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउन नसकिनु ।
३. गुणस्तरीय बीउबिजन मलखाद समयमा नै उपलब्ध गराउन नसकिनु।
४. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्न नसक्नु।
५. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्न नसक्नु ।

६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाहरुको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्न नसक्नु । निर्माण भएका पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्न नसक्नु ।
७. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ बिना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्न नसक्नु ।
८. भिरालो ठाउँ,बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्न नसक्नु।
९. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारिक एवम् उपयुक्त भू-उपयोग योजना तर्जुमा गरी लागू गर्न गार्हो हुनु।
१०. सञ्चार सेवा प्रदायक संस्थाहरूबाट प्रभावकारी सेवा प्राप्ति र व्यवस्थित गर्न नसक्नु ।
११. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन नहुनु।

**सभाका सदस्यज्यूहरु,**

**अब म नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू (संविधान, प्रचलित कानूनी व्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य एवम् अनुभव तथा सिकाइ आदि) बारे उल्लेख गर्न चाहान्छु ।**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागु गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, सोह्रौ आवधिक योजनाको मूलभूत पक्षहरू तथा ब्याँस गाउँपालिकाको आवधिक योजना अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

सोह्रौ योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाई ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ । गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा ब्याँस गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो । आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो । जनसहभागीता एवं जन परिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा

ब्याँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुन्सेरा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ ।

ब्याँस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) निर्माण गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी बनाइनेछ । यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ । संघ तथा प्रदेश सरकारबाट प्राप्तअनुदान एवं वित्तीय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तीय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ ।
यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकारर प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शितार जवाफदेहीतालाइ जोड दिइनेछ ।

**सभाका सदस्यज्यूहरु,**
**अब म चालु आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त उपलब्धीहरु संक्षेपमा उल्लेख गर्न चाहन्छु ।**

१.आर्थिक अनुशासन पारदर्शिता कायम गर्नका लागि सुत्र प्रणालीमा EFT सिस्टम पूर्ण रुपमा कार्यान्वयन गरिएको छ ।
२. ब्याँस गाउँपालिकाको प्रथम पञ्चवर्षीय आवधिक योजना (आ व २०८१।०८२ देखि आ व २०८६।०८७)¸ मध्यमकालीन खर्च संरचना (आ व २०८१।०८२ देखि आ व २०८३।०८४) आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गरिएको छ ।
३. नेपालको संविधान २०७२ ले परिकल्पना गरेको आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य र माध्यमिक शिक्षा निः शुल्कलाई आत्मसाथ गर्दै गाउँपालिका भरी रहेका सामुदायिक विद्यालयहरुका पूर्ण रुपमा नि शुल्क गरिएको छ ।
४. प्रारम्भिक बालविकासलाई दुई वर्षे बनाई प्रधानाध्यापकहरुले चाहे सक्छन कार्यक्रम अन्तरगत प्रधानाध्यापकको क्षमता अभिवृद्धि गर्न अतिरिक्त भत्ताको व्यवस्थापन गरिनुका साथै दिवा खाजा सञ्चालन भएका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा खाना पकाउने ग्याँस सिलेण्डर वितरण गरिएको छ ।
५. ब्याँस गाउँपालिकामा स्थायी घर भई हाल प्राविधिक उच्च शिक्षा हासिल गरिरहेका विद्यार्थीहरुका लागि अध्यक्ष अक्षयकोष छात्रवृति प्रदान गरिनुका साथै यस ब्याँस गाउँपालिकाको पहलमा श्री सम्पाल मा वि सुन्सेरामा प्राविधिक धार सञ्चालनमा ल्याइएको छ ।
६. ब्याँस गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि विद्यालयहरुको नक्साङ्कन गरी दरबन्दी मिलान गरी विद्यालय मर्ज तथा समायोजन गरेर सामुदायिक विद्यालयहरुलाई सुविधा सम्पन बनाइएको छ ।
७. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मेड्पा अन्तर्गत स्थानीय स्तरमा रहेका अति विपन्न गरिब समुदायका मानिसहरुलाई सहभागी गराई १६ जना नयाँ

लघुउद्यमीहरुलाई आत्मनिर्भर बनाइनुका साथै स्थानीय उत्पादनहरुको प्रयोग गरी विस्कुट तथा नमकिन उत्पादन तालिम संचालन गरिएको छ ।

८. चालु आ व २०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत लगभग ८,००० दिन रोजगारी सृजना भई ८० जना बेरोजगार व्यक्तिहरुलाई प्रत्यक्ष १०० दिनको रोजगारी उपलब्ध गराइएको छ । ज्याला वाफतको लगभग ५३,४४,००० रुपैया बैंक मार्फत लाभग्राहीहरुको खातामा जम्मा हुने सुनिश्चितता गरिएको छ ।

९. चालु आ व २०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत लगभग ५०० मिटर पि.सि.सि. बाटो, २३२० मिटर गोरेटो बाटो र स्थानीय तहसंगको साझेदारीमा बिभिन्न विद्यालयहरुको फिल्ड तथा घेर पर्खाल मर्मत तथा निर्माण कार्य समेत गरिएको छ ।

१०. ब्याँस गाउँपालिका भित्र नेपाल टेलिकमको टावरहरुमा 4G सेवा संचालनमा ल्याइनुका साथै भायोनेटका उपकरण खरिद गरि इन्टरनेटको आवश्यकता परिपूर्ति गरिएको छ ।

११. सुचना प्रविधिमा आधारित विद्‌धुतीय गाउँ पार्श्वचित्र निर्माण गरिएको छ ।

१२. विभिन्न एफ एम रेडियो मार्फत सुचना सम्प्रेषण गरी आम जनतालाई सूचना एवं जानकारी मुलक सन्देश उपलब्ध गराइएको छ ।

१३. विद्यालयहरुमा ICT ल्याब ब्यवस्थापन गरिएको छ ।

१४. दीर्घरोग न्युनीकरण गर्न ब्याँस गाँउपालिका वडा नं ०६ मा आयुर्वेद इकाई सन्चांलन गरी जेष्ठनागरिक कार्यक्रम अन्तरगत जेष्ठ नागरिकहरुलाई निः शुल्क औषधी बितरण गरिएको छ ।

१५. स्वास्थ्य जिवनशैली सम्बन्धी विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ ।

१६. आयुर्वेद सेवाको पहुँच नपुगेका वडा छनोट गरी वडा नं ०५ मा आयुर्वेद चिकित्सक सहितको जनशक्ति परिचालन गरी निः शुल्क आयुर्वेद शिविर सन्चालन गरिएको छ ।

१७ व्याँस गाउँपालिकाका ६ वटै वडामा कृषकहरु तरकारी खेती तर्फ आर्कषित गर्न र उत्पादकत्व वृद्धि गर्न वर्ण शंकरजातको विउँ वितरण गरिनुका साथै व्याँस गाउँपालिकाको कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न सिचाईका कार्यक्रमहरु संचालन गरिएको छ ।

१८. व्याँस गाउँपालिकाका किसानहरुको लागत न्युनीकरण गर्न आधुनिक कृषि तर्फ प्रोत्साहन गर्न संघ प्रदेश र स्थानीय तहको लागत साझेदारीमा कृषि औजार वितरण गरिएको छ ।

१९. मानव स्वास्थ्य र वातावरणलाई मध्य नजर गर्दै विषादीको प्रयोग बिना प्लास्टिक घरमा अर्गानिक तरकारी खेतीको लागि प्लास्टिक घर निर्माण कार्यक्रम संचालन गरिएको छ ।

२०. व्याँस गाउँपालिका वडा नं ६ बसेडी क्षेत्रमा कृषि ज्ञानकेन्द्र दार्चुला र व्याँस गाउँपालिकाको लागत साझेदारीमा वृहत एवम् विशेष उत्पादन क्षेत्र अन्तरगत सुन्तला पकेट कार्यक्रम संचालन गरिएको छ ।

२१. व्याँस गाउँपालिकाको आयोजना र कृषि ज्ञानकेन्द्र दार्चुलाको आर्थिक सहयोगमा स्थानीय प्रविधि र उन्नत प्रविधि वीच तुलनात्मक परिक्षण कार्यक्रम अन्तरगत कृषि पाठशाला संचालन गरि व्याँस गाउँपालिकाका कृषकहरुलाई व्यावसायिक खेती तर्फ आर्कषित गर्न अदुवा बेसार खेती कार्यक्रम संचालन गरिएको छ ।

२२. रैथाने बालीको संरक्षण प्रवर्द्धन र विस्तार व्याँसको खाद्य पोषण सुरक्षा र कृषकहरुको आम्दानीको आधार भन्ने मुल नाराका साथ रैथाने वाली प्रवर्द्धन कार्यक्रम संचालन गरी कृषकहरुलाई फलफुल खेतीमा आत्मनिर्भर बनाउन अंगुर र किवी खेतिका कार्यक्रमहरु संचालन गरिएको छ ।

२३. व्याँस गाउँपालिका भरिका वडाहरुबाट न्यायिक समितिको मेलमिलाप गराउनको लागि मेलमिलापकर्ता छनौट गरि ४८ घण्टे सामुदायिक मेलमिलाप सम्बन्धी तालिम संचालन भएको छ ।

२४ ब्याँस गाउँपालिका अन्तरगतको उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्था श्री अपिनाम्पा क्याम्पस हुतीका लागि घेर पर्खाल तथा मर्मतका लागि आवश्यक बजेट बिनियोजित गरी काम सम्पन्न गरिएको छ ।

२५. २५ जना महिला उद्यमीहरुलाई आत्मनिर्भर बनाउन १५ दिने हाते होजियारी स्तरोन्नति कार्यक्रमबाट बुनाई तालिम सञ्चालन गरी आत्मनिर्भर बनाइएको छ ।

**सभाका सदस्यज्यूहरु,**

अब म आ. व. २०८१/०८२ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### (क) शिक्षा

१.नेपालको संविधानले परिकल्पना गरेको आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य र माध्यमिक शिक्षालाई पूर्ण रुपमा निः शुल्क गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२.ब्याँस गाउँपालिकाभरीका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि चालु आव देखि प्रत्येक वडामा एक एक आधारभूत विद्यालयहरुलाई छनोट गरी नमूना विद्यालयका रुपमा अगाडि बढाइनेछ ।

३.विद्यालयमा भौतिक पूर्वाधार स्वास्थ्य तथा सरसफाईको सुविधा विस्तार गर्दै शिक्षकहरुको व्यवसायिक क्षमता विकासका लागि लगानी गरिनुका साथै विद्यालय दिवा खाजा कार्यक्रम स्वास्थ्य, पोषण तथा सरसफाई कार्यक्रमलाई निरन्तरता दिइ IDS Nepal सँगको लागत साझेदारीमा विद्यालयहरुका सुविधासम्पन्न भान्सा कोठाहरु खानेपानी तथा शौचालय निर्माण गरिनुका साथै विभिन्न संस्थाहरुसँग लागत साझेदारी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४.विद्यालय बाहिर रहेका र विचैमा विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्नका लागि विशेष प्याकेज सञ्चालन गरिनुका साथै शैक्षिकसत्र भरी उत्कृष्ट सिकाई उपलब्धि तथा कार्यसम्पादन गर्ने विद्यालय प्र अ तथा शिक्षकहरुलाई सम्मान तथा प्रोत्साहन गरिनेछ ।

५.सिकाई उपलब्धि सुदृढीकरणका लागि मासिक शिक्षक अन्तरक्रिया सामुदायिक विद्यालयप्रति अभिभावकहरुको सक्रियता बढाउनका लागि अभिभावक शिक्षा कार्यक्रम, विद्यार्थी पहिचान कार्यक्रमलाई निरन्तरता दिइनुका साथै **म बनाउँछु मेरो आफ्नै सामग्री अध्यापन गराउँछु भई निस्फिक्री** भन्ने भनाईलाई पूर्णता दिन शैक्षिक सामग्री निर्माण एवम् व्यवस्थापन गरिनेछ ।

६.शैक्षिक प्रणालीमा रुपान्तरण ल्याउन अतिरिक्त क्रियाकलाप व्यवस्थापन विद्यालय अभिभावक बिचको सञ्चार व्यवस्थापन तथा गणित विज्ञान र अङ्ग्रेजी विषयको सिकाई सुधार गर्न अतिरिक्त कक्षा सञ्चालनको नितिलाई निरन्तरता दिइनेछ ।

७.सामुदायिक विद्यालयहरुलाई नमूनाका रुपमा अगाडि बढाउन छात्राबासको व्यवस्थापन कार्यलाई अगाडि बढाइनुका साथै पालिकाभित्र रहेका मठ मन्दिर गुम्बा तथा पुरातात्विक सम्पदाहरुलाई संरक्षण एवम् संवर्धन गरिनेछ ।

८.युवा उद्धमशिलता कार्यक्रम सञ्चालन गरिनुका साथै ब्याँस गाउँपालिका अन्तरगत रहेका युवाहरुलाई खेलकुद क्षेत्रमा आकर्षित गराउनका लागि पालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरिनुका साथै खेलकुद क्षेत्रमा लगानी गरिनेछ ।

९.प्रत्येक वडामा वडा स्तरीय तथा पालिकामा पालिका स्तरीय खेलकुद मैदान निर्माण गरिनेछ ।

१०.विद्यार्थीहरुलाई आत्मनिर्भर बनाउन प्राविधिक शिक्षा छात्रवृति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११.सिकाई उपलब्धि सुधार गरी वर्तमान युग सुहाउँदो शिक्षा प्रदान गर्नका लागि ब्याँस गाउँपालिका अन्तरगत रहेका शिक्षकहरुबाट विषयगत रोष्टर समूह निर्माण गरी विद्यालयहरुमा नमूना कक्षाहरु सञ्चालन गरिनेछ ।

१२.गाँउ शिक्षा समितिको नेतृत्वमा प्रत्येक वडाहरुका वडा शिक्षा समिति गठन गरी सम्पूर्ण सामुदायिक विद्यालयहरुमा थप अनुगमन तथा निरीक्षण गरिनेछ ।

१३. विगत लामो समयदेखि ब्याँस गाउँपालिका वडा नं १ अन्तरगतका विद्यालयहरु महाकाली नगरपालिकाको स्वामित्वमा रहेकोमा यस शैक्षिकसत्र देखि ब्याँस गाउँपालिकाको स्वामित्वमा आएसँगै शैक्षिकसत्र २०८२ देखि श्री कैलाशपति आ वि छाङ्गरुलाई माध्यमिक तहसम्म सञ्चालन गर्न आवश्यक तयारी गरिनेछ ।

ब्याँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनसेरा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**(ख) लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. ब्यासँ गाउँपालिका भित्रका छोरी चेलीहरुको जनचेतनाको स्तर अभिवृद्धि गर्ने उद्देश्यले **"छोरीहरुका लागि स्वर्णिम कार्यक्रम"** सञ्चालन गरिनेछ ।

२. बालविवाह, बालश्रम शोषण तथा बाल यौन दुर्व्यवहार सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरी बालविवाह, बालश्रम शोषण तथा यौन दुर्व्यवहारमा न्युनीकरण गरिनुका साथै जेष्ठ नागरिकहरुसँग अन्तर्किया कार्यक्रम सञ्चालन गरी उनीहरुका हक अधिकारबारे सचेतता प्रदान गरिनेछ ।

३.लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

४.महिला, बालबालिका, अल्पसंख्यक, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ ।

५."हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशीलता नीति लिइनेछ । पारिवारिक हिंसाद्वारा पीडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।

६.गाउँपालिका तथा वडास्तरीय बाल क्लबलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

**(ग) स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रमः**

१. गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच तथा स्वास्थ्य सेवा सुधारका लागि " स्मार्ट हेल्थ कार्यक्रम" लागु गरिनेछ ।

२. पालिका अन्तर्गत समुदाय स्तरमा लुकिछिपी रहेका रोगहरु पहिचान गर्न विशेषज्ञ सहितको चिकित्सकीय स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

३. पालिका भित्रका जेष्ठ नागरिक अपाङ्गता भएका ब्यक्ति भौगोलिक विकटताले गर्दा आधारभुत सेवाबाट बञ्चित रहेका नागरिकहरुलाई आधारभुत सेवाको पहुँच बढाउन प्रत्येक महिना घरदैलोमा स्वास्थ्यकर्मी परिचालन गरिनेछ ।

४. आधारभुत स्वास्थ्य सेवा तथा आकस्मिक सेवाको पहुचँ बढाउन तथा प्रभावकारी बनाउन स्वास्थ्य सस्थांहरु तथा वर्थिङ सेन्टरहरुलाई थप सुदृढ गरिनेछ ।

५. पालिका अन्तर्गतका गर्भवती सुत्केरी तथा प्रसुति अवस्थाका जोखिममा रहेका महिलाहरु तथा पिडितहरुलाई जिल्ला अस्पताल दार्चुला सम्म निशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ ।

६. पुर्णखोप दिगोपना तथा सुनिश्चितता गर्न विगतका क्रियाकलापहरुलाई निरन्तरता दिई पुर्णखोप कार्यक्रमलाई बरकरार राखिनुका साथै स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभावकारी बनाउन आवश्यक जनचेतना फैलाइ सेवाग्राहीलाई सेवाको मुल प्रवाहमा ल्याउन आवश्यक पहल गरिनेछ ।

७. झन्डै ७२% ओगटेको नसर्ने रोग सम्बन्धी जनचेतना अभिबृदि गरि सम्पुर्ण नागरिकहरुको नसर्ने रोग सम्बन्धी खोजपड्ताल गरी आवश्यक स्वास्थ्य शिक्षा तथा उपचारको पहुचँमा ल्याइनेछ ।

ब्याँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुन्सेरा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

२०७९/०३/८

८. लुकेर रहेका विभिन्न प्रकारका सर्ने रोगहरु न्युनीकरण गर्न आवश्यक अभियान सञ्चालन गरिनेछ ।

९. नेपाल सरकारले तोकेका मापदण्ड अनुसारका दीर्घ रोगीहरुलाई स्थानीय स्तरको कार्यबिधि बमोजिम विपन्न नागरिक उपचार सहुलियतलाई निरन्तरता दिइनेछ ।

१०. पाठेघर मुखको क्यान्सर रोगथाम तथा नियन्त्रणको लागि नियमित खोपमा एच.पि.भि. खोपको सुरुवात गरिनेछ ।

११. मातृ तथा नवजात शिशु स्वास्थ्यको सेवाको सुनिश्चितता तथा सुदृढका लागि मोबाइल स्वास्थ्य कार्यक्रम लागु गरिनेछ ।

१२ असुरक्षित गर्भपतन न्युनीकरणका लागि सुरक्षित गर्भपतन सेवा सञ्चालन गरिनेछ ।

१३.नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँ गाउँपालिका/नगरपालिकाक्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, प्राथमिक स्वास्थ्यकेन्द्र, सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

१४.बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाई स्तरोन्नति गरी प्रयोगशाला सहितको सेवा उपलब्ध गराइनेछ ।

१५ सुनौलो हजार दिनका आमा गर्भवती तथा सुत्केरी ५ वर्ष मुनिका बालबालिका तथा किशोरीहरुको पोषण अवस्थामा सुधार कार्यक्रम मार्फत बहुक्षेत्रीय कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१६. सुनौलो हजार दिनका विपन्न महिलाहरुलाई पोषण सुधारका लागि अनुदान कार्यक्रम मार्फत ब्यवसायिक र उद्यमशिल बनाइनेछ ।

१७. पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०८० अनुसारका क्षेत्रगत सुचकहरुको तोकिएका लक्षहरु पुरा गरि त्यसको दिगोपना तथा निरन्तरताको सुनिश्चितता सहितको कार्ययोजना समेत बनाई कार्यक्रम सञ्चालन गरिनेछ ।

१८.पोषण विषेश पोषण संवेदनशील र पोषण समर्थ बनाउने कार्यक्रमहरुको विस्तार गरी महिला किशोर किशीरी तथा बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउने र मानव पुजीको विकास गर्नको लागि विषयगत क्षेत्रहरु जस्तै स्वास्थ्य, शिक्षा, कृषि, पशु, खानेपानी तथा सरसफाइ महिला तथा बालबालिका र शासकीय प्रबन्ध क्षेत्रहरुमा कार्यक्रम कार्यन्वयन गरिनेछ ।

१९. माध्यमिक तहका विद्यालयहरुमा किशोरीहरुलाई पोषण र सरसफाई सम्बन्धि कक्षाहरु सञ्चालन गरी विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम मार्फत विद्यालयहरुमा पत्रु (उच्च प्रशोधित) खाना न्युनीकरण तथा निरुत्साहित गरि रैथानी बालीतर्फ प्रोत्साहन गरी स्वास्थ्य प्रबर्धक बनाइनेछ ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### (क) कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम

१. आर्थिक वर्ष २०८१।०८२ मा आलु बाली र सुन्तला जात फलफुलको नयाँ पकेट क्षेत्र विस्तार गरिनेछ ।



ब्याँस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुन्सेरा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

२०८१।०३।१८

२. ब्याँस गाउँपालिका भित्र च्याउँ खेती कार्यलाइ निरन्तरता दिई व्यवसायिक रुपमा सञ्चालन गरि कृषकहरुलाई आत्मनिर्भर बनाइनेछ ।
३. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न दीर्घकालिन सोच सहित ब्याँस गाउँपालिकाको नीति निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ ।
४. चिसो न्यानो ब्याँसको ताजा तरकारी र फलफुल खेतीमा आधुनिकरण, व्यसायिकरण तथा खाद्य सुरक्षालाई दीगो बनाउन त्यस सम्बन्धी स्थलगत घुम्ती तालिमलाई निरन्तरता दिदै तरकारी र फलफुलमा किसानहरुलाई आत्मनिर्भर बनाइनेछ ।
५. ब्याँस गाउँपालिका भित्र ब्यवसायिक रुपमा तरकारी खेती रैथाने वाली खेती, फलफुल खेती गर्ने किसानहरुलाई कृषि सामग्री वितरण गरि उत्पादन र उत्पादकत्व बृद्धिमा बढुवा दिइनेछ ।
६. कृषकहरुको खेतबारीमा लागेका रोग किराहरु नियन्त्रण र कृषक वर्गमा स्वयं त्यसको नियन्त्रण गर्न सकिने रोकथामका उपायहरु सहित बाली उपचार शिविर सञ्चालन गरी कृषकवर्गहरुलाई सेवा पुर्याइनेछ ।
७. प्लास्टिक घर भएका व्यवसायिक तरकारी खेती र दिवा खाजाका लागि विद्यालयहरुमा तरकारी सागपातको आपुर्ति गर्ने किसानहरुको तथ्याङ्क संकलन गरि उन्नत जात तरकारी विउ वितरण गरी उत्पादनमा प्रोत्साहन गरिनेछ ।
८. रैथाने वालीको संरक्षण प्रवर्द्धन र विस्तार ब्याँसको खाद्य पोषण सुरक्षा र कृषकहरुको आम्दानीको आधार भन्ने नाराका साथ रैथाने वाली प्रवर्द्धन कार्यक्रममा विशेष जोड दिइनेछ ।
९. ब्याँस गाउँपालिका अन्तरगत रहेको बाझो जमिनको सदुपयोग गर्न आवश्यक निति ल्याई कृषि उत्पादनमा वृद्धि गर्दै फलफुल तथा तरकारीको आयात कम गरिनेछ ।
१०. रेविज रोग नियन्त्रण शिविर संचालन कार्यक्रम अन्तरगत यस ब्याँस गाउँपालिकामा रहेका कुकुरको टोकाईबाट मानिस र पशुपन्छिमा सर्ने प्राणघातक रेविज रोग नियन्त्रणका लागि शिविर संचालन गरी नि.शुल्क रुपमा खोप कार्यक्रम संचालन गरिनेछ ।
११. पशुहरुको विभिन्न रोग विरुद्ध खोप संचालन अन्तरगत पशुपन्छिहरुको विभिन्न महामारी जन्य रोगको नियन्त्रणका लागि निःशुल्क रुपमा खोप कार्यक्रम संचालन गरिनेछ ।
१२. ब्याँस गाउँपालिका भित्र रहेका पशुपन्छिहरुमा देखा पर्ने विभिन्न रोग परजिवीहरुको नियन्त्रण तथा उपचारको लागि पशु स्वास्थ्य सेवालाई पहिलो प्राथमकितामा राख्दै प्रत्यक वडामा पशु प्रविधिक सहित औषधिको व्यवस्था गरी किसानहरुलाई निःशुल्क रुपमा पशु स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
१३. उन्नत जातको बोका खरिद गरी यहाको स्थानीय जातको बाख्रासंग क्रस गराई वर्णशंकर जातको बढी उत्पादन शिल पाठा पाठी उत्पादन गरी यस ब्याँस गाउँपालिकालाई मासुमा आत्मानिर्भर बनाउनको साथै हाड नाता प्रजनन हुनुबाट रोक्ने र संक्रमण रोगहरु बाट मुक्त गरिनेछ ।

ब्याँस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुनसेरा, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल



२०७९/०३/१८

१४. आर्थिक रुपले विपन्न परेको लक्षित वर्गको समुदायलाई सुनौलो हजार दिनको आमाहरुको लागी कुखुराको चल्ला वितरण कार्यक्रम गरिनेछ ।

१५. यस ब्याँस गाउँपालिका अन्तरगत रहेका आर्थिक रुपले विपन्न दलित लक्षित परिवारको साथै सुनौलो हजार दिनको दलित समुदायको आमाहरुलाई कुखुराको चल्ला वितरण गरी अण्डा र मासुमा आत्मानिर्भर बनाउनको साथै पोषण तथा खाद्य सुरक्षामा सुधार ल्याइनेछ ।

१६. ब्याँस गाउँपालिकाको विभिन्न वडाहरुमा पशुपन्छीमा लाग्ने विभिन्न रोगहरुको अवस्था बारे बुझेर बालीमा देखा परेका रोगहरुको नमुना संकलन गरी पशुहरुको रोग निदान तथा पहिचानगरी इपिडेमियोलोजिकल रिपोर्टिङ तयार गरि संघ प्रदेश मा पठाउनेछ ।

१७. स्थानीय स्तरमा प्रशस्त मात्रामा उत्पादन हुने बहु आयामिक गाजा खेती (भाङङो) को उत्पादनलाई प्रोत्साहन गरी व्यवसायमूलक बनाउन (नशालु पदार्थ बाहेक) आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

**(ख) सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१.सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ ।

२.उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइने छ ।

**(ग) सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम**

१. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ ।

२. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दैब्याँस गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ ।

३. ब्याँस गाँउपालिकामा रहेका नेपाल टेलिकमका टावरहरुलाई व्यवस्थित गर्न नेपाल टेलिकमसँग आवश्यक पहल गरिनुका साथै फोन सेवाको वैकल्पिक व्यवस्थाका लागि अन्य सेवा प्रदायक संस्था एवम् कम्पनीसँग आवश्यक पहल गरिनेछ ।

४. गाँउपालिका कार्यालयमा प्रयोगमा रहेका नेपाल टेलिकमको लिज लाईन तथा भायोनेटको इन्टरनेट सेवा लाइ फाइबर लाइन वा फाइवर प्रोफाइलमा परिणत गराई सेवा प्रवाह गर्न पहल गरिने छ ।

५. कार्यालयका कामकाजहरु एकद्वार प्रणालीबाट सम्पादन गर्न पहल गरिने छ ।

६. कार्यालयका पुराना कागजातहरुलाई ब्यवस्थित तरिकाले र सुरक्षित तरिकाले ब्यवस्थापन गर्न दिगो सुरक्षा युक्त सर्वर व्यवस्थापन गरिनेछ ।

७. ब्याँस गाउँपालिकाको विद्‌युतीय बस्तुगत पार्श्वचित्रलाई पुर्णता दिइ वेव साइटसँग जोडिने छ ।

८. क्लाउड ब्यवस्थापन गरी फाइल सेयरिङ सिस्टमको ब्यवस्थापन गरिने छ ।

ब्याँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुन्सेरा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

९. गाउँपालिका र वडा कार्यालय अन्तरगतका कामकाजहरुलाई Offline base मा आधारित VPN सेवाको ब्यवस्थापन गरिनेछ।

१०. गाउँपालिका भित्र intranet ब्यवस्थापन गरि कार्य प्रणालीलाइ सजिलो गराइनेछ ।

**३. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम**

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ ।

२.न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

३.सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ ।

४.मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

५. समाजका शोषित पिडित वर्ग, एकल महिला, पूरुष, बालबालिका, दलित ज्येष्ठ नागरिकहरुका लागि प्रत्येक वडाकार्यालयहरुमा न्यायिक समितिको नागरिक सचेतना कार्यक्रम संचालन गरिनेछ ।

६.न्यायिक समितिबाट ४८ घण्टे सामुदायिक आधारभुत तालिम पाएका मेलमिलापकर्ताहरुलाई पुर्नताजगी तालिम दिइनेछ ।

७. न्यायिक समितिको क्षेत्राधिकार सम्बन्धी जानकारी गराउनका लागि जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम गरिनेछ ।

८. न्यायिक समितिको क्षेत्राधिकार सम्बन्धी जानकारी गराउनको लागि न्यायिक हाते पुस्तिका, फ्लेक्सी साइन बोर्ड मार्फत प्रचार-प्रसार गराइने छ ।

९. ज्येष्ठ नागरिकहरुका लागि भजन मण्डली स्थापना गराइनेछ ।

**४. संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

१.गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ ।

२.गाउँपालिकाभित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली (Citizen Grievances Response App)तयार गरी लागु गरिनेछ ।

३.आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्र्यौट गर्ने कार्य अगाडि बढाईनेछ ।

४.गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिनेछ ।

५.प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा खाजा भत्ता, भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ ।

६.आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्ने नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ ।

७. गाउँपालिकाभित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

८.विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

९.भ्रष्टाचार विरुद्ध शून्य सहनशिलताको नीति अवलम्बन गरिनेछ । कार्यालयले आफु र आफ्नो मातहतका कार्यालय मार्फत प्रवाह गर्ने सार्वजनिक सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनवाई, सार्वजनिक परीक्षण, नागरिक वडापत्र ,सूचनाको हकको प्रत्याभूति, पारदर्शी, जवाफदेही, भ्रष्टाचार निवारण लगायतका कार्यहरु मार्फत सुशासन अभिवृद्धि गर्ने कार्यहरु गरिनेछन् ।

१०.संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ ।

११. आगामी आ व २०८१/ ०८२ सामाजिक सुरक्षा भत्ता लाभग्राहीको नविरकरणको लागि वडा कार्यालयमा नविकरण शिविर तथा बैक भन्दा टाढा वडाहरुमा सामाजिक सुरक्षा भत्ता वितरण शिविर सञ्चालन गरिने छ ।

१२. नेपाल सरकार राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको राष्ट्रिय निति अनुरुप आगामी आ व २०८१/ ०८२ मा समय मै घटना दर्ता गर्ने लाभग्राहीको संख्या सत प्रतिशत पुर्‍याइने र सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुको राष्ट्रिय परिचयपत्रको आधारमा बायोमेट्रिक भेरिफिकेशन गरिनेछ ।

१४. असहाय तथा जेष्ठ नागरिकहरुको सहजताका लागि घरदैलो सेवा सञ्चालन गरी राष्ट्रिय परिचयपत्र निर्माणका लागि ब्याँस गाउँपालिका अन्तरगतका विभिन्न वडाहरुमा शिविर सञ्चालन गरिनेछ ।

**५ वन, वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम**

**(क) खानेपानी तथा सरसफाई**

१.खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ ।

२.जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै तीश्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ ।

ब्याँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनसेरा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

३.विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ ।

४.टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ ।

५.अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ । जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ ।

६. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजी गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडि बढाइनेछ ।

**(ख) वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन**

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता बढाउने साथै खाद्य उत्पादनलाई प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता बृद्धि गर्ने । न्यून हरित ग्याँस उत्सर्जनलाइ विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिबृद्धि गरिनेछ ।

२.खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमिन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

३.पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।

४.भू-सूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।

५.विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनिकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई ब्यवस्थित र प्रभावकारी बनाइनेछ ।

६. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

७.विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

८.गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

९.ब्याँस गाउँपालिका वडा नं.४ को ठुलोखोला पहिरोलाई उच्च जोखिम क्षेत्र घोषणागरी पहिरो रोकथामका लागि संघीय र प्रदेश सरकारको समन्वय सहकार्यमा विशेष कार्यक्रम संचालन गरिनुका साथै तत्कालीन समस्या समाधानका लागि उक्त क्षेत्रमा चरी चरन लगायतका कृयाकलापहरु निषेध गरी पहिरो रोकथामका लागि वृहत वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ ।

ब्याँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनसेरा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल



२०८१।०३।८

## ६. भौतिक पूर्वाधार विकास ( वस्ती विकास, आवास तथा पूर्वाधार)सम्बन्धी नीति तथा कार्यक्रम

१ "ब्याँस विकासको पूर्वाधार तिकंर सडक मूख्य आधार" भन्ने मुल नाराका साथ ब्यास गाउँपालिकाको विकासको महत्त्व बोकेको योजना तिमुरपाटा हुति धौलाकोट मड्गाउँ माल सडकमा आवश्यक बजेट बिनियोजन गरी दार्चुला जिल्लाको सदरमुकाम देखि ब्याँस जोड्ने छोटो दुरीको सडक छिटो सम्पन्न गरिनेछ ।

२.रोजगारी सिर्जना हुने र मेशनरी औजार प्रयोग नहुने आयोजना संचालन उपभोक्ता समिति मार्फतल संचालन गरिनेछ ।

३.पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी “आयोजना बैंक” तयार गरिने छ । सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ ।

४.दीर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

५.गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिकागौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन ।

६. भारतीय दुताबास काठमाडौ नेपाल र ब्याँस गाउँपालिकाको लागत साझेदारीमा निर्माण हुन लागेको ब्याँस गाउँपालिका वडा नं ६ अन्तरगत रहेको श्री हिमालय मावि हुती र सोही स्थानमा निर्माण हुन लागेको १५ सैय्याको अस्पताल समयमै सम्पन्न गर्नका लागि आवश्यक बजेट बिनियोजन गरिनेछ ।

७ ब्याँस गाउँपालिका वडा नं २ मा खानेपानीको आपुर्तिका लागि माल लिफ्टिङ खानेपानी आयोजनाका लागि आवश्यक बजेट बिनियोजित गरिनेछ ।

८.विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ ।

९.घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिईनेछ ।

१०.गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ ।

११.गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

१२.गाउँपालिकाको सीमा क्षेत्र यकिन गरी गाउँपालिकासीमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ ।

१३.गाउँपालिका भित्रकै स्रोतसाधनलाई प्रयोग गरी पूर्वाधार निर्माण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

ब्याँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुन्सेरा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

१५

२०७९/०२/८

१४.व्याँस गाउँपालिका अन्तर्गत रहेका घोरेटो मार्गहरुलाई पि.सि.सि. मार्ग बनाउन सहजीकरण गरिनेछ ।

१५.गाउँपालिका भित्र रहेका शाखा सडकहरुको सडकस्तरोन्नति गर्नमा आवश्यक सहजीकरण गरिनेछ ।

१६.लागत अनुमान स्वीकृत पश्चात सम्झौता गर्ने र जनसहभागिता बराबरको रकम भन्दा बढी कार्य प्रगति भए पश्चात मुल्याङ्कनको आधारमा उपभोक्ता समितिलाई भुक्तानी दिने नीतिलाई कार्यान्वयनमा ल्याईनेछ ।

१७.निर्माण कार्यको गुणस्तरीयताका लागि बोलपत्र प्रक्रियाबाट र उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरुको अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ ।

१८.भौतिक संरचना निर्माण गर्दा वातावरणमैत्री बनाउने नीति ल्याईनेछ ।

१९. आवास नै नभएकाहरुको लागि आवास विहीनलाई आवास कार्यक्रम मार्फत आवास उपब्ध गराइने छ ।

२०. सहाराविहीनलाई सहारा दिनका लागि निर्माण गरिएको असहाय तथा जेष्ठ नागरिक आवासलाई निरन्तर रुपमा अगाडि बढाइने छ ।

२१. आन्तरिक पर्यटकहरुको आवागमनमा वृद्धि गर्न ब्याँस १ को कौवा क्षेत्रमा कौवा भ्यू प्वाइन्ट विश्राम स्थल निर्माण गरिनेछ ।

२२. अतिक्रमित भूमि कालापानी, लिपुलेख, लिम्पियाधुरालाई र अहिलेका दुइ बस्ती वडा न १ का गाउँ छाङ्गरु र तिङ्कंरलाई जोड्ने एकमात्र राष्ट्रकै गौरवको योजना तिङ्कर सडकलाई महाकाली कोरीडोरबाट अलग गरी छुट्टै उपर्युक्त बजेट विनियोजनका लागि संघीय सरकारसित पहल गरिनेछ ।

२३. तिङ्कर सडक ब्याँसबासीको मेरुदण्ड नै भएकोले उक्त सडकको निर्माण कार्यमा भएको ढिलासुस्ती र संघीय सरकारले आवश्यक बजेट विनियोजन गर्न नसक्दा सडकको अभावमा अझै पनि ब्याँसबासीले भोग्नु परेको पिडालाई मध्यनजर गर्दै तिङ्कर सडकमा स्थानीय सरकारको तर्फबाट पनि केही बजेट विनियोजन गरिनेछ साथै हिड्ने बाटो समेत नहुँदा आफ्नै घरजान पनि छिमेकी राष्ट्रको अनुमति चाहिने अवस्थामा समेत सरकारले तिङ्कर सडकलाई प्राथमिकतामा राखी आवश्यक बजेट विनियोजन गर्न नसेकाले उक्त सडक निर्माणका लागि देशभरीका सम्पूर्ण ७५२ ओटै स्थानीय सरकारलाई ब्याँस गाउँपालिकाको तर्फबाट अनुरोध गरिनेछ ।

२४.सीमा नदी महाकालीमा जोडिएका झोलुङ्गे पुलहरुको स्तरोन्नति गरिनेछ साथै दुम्लिङ र बुदी स्थित महाकाली नदीमा झोलुङ्गे पुल निर्माणका लागि संघीय सरकार सित पहल गरिनेछ ।

२५. सुदूरपश्चिम प्रदेश सरकार र ब्याँस गाउँपालिकाको लागत साझेदारीमा निर्माण भइरहेको ब्याँस गाउँपालिका वडा नं ६ मा रहको ब्रह्ममन्दिर निर्माण सम्पन्न गर्नका लागि आवश्यक बजेट बिनियोजन गरिनेछ ।

## ७. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१.गाउँपालिकाको आन्तरिक राजश्व चुहावटलाई निरुत्साहित गर्न राजश्व सफ्टवयर मार्फत राजश्व संकलनमा एकद्धार प्रणाली लागु गरिनेछ ।

ब्याँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनसेरा, दार्चुला
प्रदेश, नेपाल

२०७९।०३।२८

२.गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ ।

३.वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ ।

४.ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ ।

५.करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ ।

६.करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ ।

७.कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ ।

## ८. रोजगार सेवा केन्द्र ( निति तथा कार्यक्रम )

१.बाल श्रम तथा सबै प्रकारका श्रम शोषण हटाउन शोषण रहित श्रमिक अभियान सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्थापन गरी २०८२ भित्र ब्याँस गाउँपालिका लाई बालश्रम मुक्त स्थानिय तह घोषणा गरिनेछ ।

२.बैदेशिक रोजगारीमा जाने व्यक्तिको व्यक्तिगत तथा पुन श्रम स्वीकृतिको अनलाइन आवेदन भर्ने कार्यलाई प्रभावकारी ढंगले अगाडि बढाईनेछ ।

३.प्रधानमन्त्री रोजगार कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी रुपमा अगाडि बढाउन स्थानीय रोजगार रणनितिको कार्यान्वयन र रोजगार संवाद मन्च सन्चालन गरिनेछ ।

४.रोजगार सेवा केन्द्रको रोजगार व्यवस्थापन सुचना प्रणालीमा सुचिकृत बेरोजगार व्यक्तिहरु मध्येबाट १०० जना बेरोजगार व्यक्तिहरुका लागि न्युनतम ३० दिनको रोजगारी सृजना गर्न आवश्यक बजेटको व्यवस्थापन गरी रोगजगार कार्यक्रमसितको साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

५.श्रमको सम्मान ब्याँस अभियान कार्यक्रम अन्तर्गत श्रम र श्रमिक प्रति आम नागरिकको सकारात्म दृष्टिकोण कायम गराउन श्रममुलक आयोजनाहरुमा स्थानीय जनप्रतिनिधि सहभागिता गराउने र अन्य आवस्यक कार्यक्रम सञ्चालन गरिने छ ।

६.प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत लाभग्राही छनौट प्रकृयामा देखिएको नागरिकको असन्तुष्टि लाइ न्युनीकरण गर्न छनौट प्रकृया लाइ बैज्ञानिक ढ्गले पारदर्शी बनाउन सूचिकृत बेरोजगार हरुको आम भेला बाट लाभग्राही छनौट गर्ने निति अपनाइने छ ।

७.एउटै प्रकृतिको कामको ज्यालामा समान ज्यालाको सुनिस्चित गर्न प्रभावकारी अनुगमन गरिनेछ ।

८.नागरिकलाई न्युनतम रोजगारीको सुनिस्चितता गर्न स्थानीय तहमा सञ्चालित रोजगारमुलक आयोजना हरुमा रोजगार सेवा केन्द्रको रोजगार सुचिमा दर्ता भएका व्यक्तिहरु लाइ प्राथमिकता दिई रोजगारीमा खटाउने व्यवस्था गरिने छ ।

ब्याँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुनसेरा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल



२०८१।०३।१८

९.संघसंस्थाहरुबाट सञ्चालित योजनाहरुको भुक्तानी प्रक्रिया अनिवार्य रुपमा श्रमिकहरुको खातामा जम्मा गर्ने र उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाहरुको भुक्तानी प्रकिया श्रमिकहरुको खातामा जम्मा गर्न प्रोत्साहन गर्ने निति लिइनेछ ।

**यस गरिमामय सभाका सदस्य ज्यू,**

वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयनबाट यस गाउँपालिकाको सामाजिक आर्थिक विकासमा उल्लेख्य योगदान पुग्ने विश्वास गर्न सकिन्छ ।

अन्त्यमा यस गाउँपालिकाको विकासमा योगदान पुर्याउनु हुने आम नागरिक, विकास साझेदार रअन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

व्यासँ गाउँपालिकाका समस्या र चुनौतीहरु असङ्ख्य छन् र यिनको सामाधान हामी सबैको सामूहिक प्रयासबाट मात्रै सम्भव छ । त्यसैले आउनुहोस सबै एकजुट होऔं र ब्याँस गाउँपालिकाको मुहार फेर्ने अभियानमा सहभागी बनौं । म जुट्छु ब्याँसको मुहार फेर्छु भन्ने भावनाबाट अगाडी बढौं ।

**धन्यवाद!**

ब्याँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुन्सेरा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

**सभाध्यक्ष महोदय,**

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ (१) बमोजिम ब्याँस गाउँपालिका उपाध्यक्षको हैसियतले ब्याँस गाउँपालिका गाउँ सभाको सोह्रौ अधिवेशनमा आगामी आर्थिक वर्ष २०८१।०८२ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

२. यस अवसरमा लोकतन्त्र प्राप्ती तथा संघीय लोकतान्त्रीक गणतन्त्र स्थापनाका लागि समय समयमा भएका राजनीतिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

३. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपालको दीर्घकालीन विकास लक्ष्य, सोह्रौ योजना, विनियोजन विधेयक २०८१, कार्यपालिका सदस्यहरुबाट प्राप्त सुझाव, राजस्व परामर्श समितिको प्रतिवेदन, बजेट तथा कार्यक्रम तर्जुमा समितिको सुझावलाई मार्गदर्शनको रुपमा लिएको छु । ब्याँस गाउँपालिकावासी आम नागरिक, नागरिक समाज, सञ्चार जगत, राजनीतिक दल, विद्धतवर्ग, निजी क्षेत्र, पिछडिएका वर्ग सहित सरोकारवालाबाट प्राप्त सुझाव समेतलाई आधार लिएको छु ।

४. ब्याँस गाउँपालिकाको विकासमा देखिएका समस्या एवं चुनौतीहरुलाई सम्बोधन गर्दै अर्थतन्त्रलाई गतिशील बनाउने, निजी क्षेत्रको मनोबल उच्च पार्दै आम जनताको विकास र समृद्धिको चाहानालाई सम्बोधन गर्ने तथा सिमान्तकृत पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँचमा पुर्याउने तर्फ बजेट तथा कार्यक्रम लक्षित गरेको छु ।

५. मैले आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा ब्याँसबासी जनताको जनअपेक्षालाई सम्बोधन गर्ने र गाउँपालिकाको विकासमा देखिएका अप्ठ्याराहरु हटाई आम नागरिकमा आसा र भरोसाको सञ्चार गर्ने जिम्मेवारी बोध गरेको छु । राजनीतिक दल, जनप्रतिनिधि, सार्वजनिक प्रशासन, संघ संस्था, नागरिक समाज, सञ्चार जगत र आम नागरिकको सहयोग र ऐक्यवद्धताबाट गाउँपालिकाको विकासमा देखिएका विद्यमान चुनौतीको सामना गर्दै बजेटले लिएको लक्ष्य हासिल गर्न सकिने विश्वास लिएको छु ।

६. आगामी बजेट समृद्धि, सुशासन र सामाजिक न्याय कायम गर्न लक्षित हुनेछ । ब्याँस गाउँपालिकाका बेरोजगार युवाहरुलाई ब्याँस भित्रै आर्थिक गतिविधिमा आवद्ध हुन अभिप्रेरित गर्ने, उद्यमशिलता विकास गरि गरिबी न्युनीकरण गर्ने, सार्वजनिक सम्पतिको जगेर्ना गर्ने तथा स्रोत र साधनको प्रभावकारी एवं परिणाममुखि परिचालन गर्ने दिशामा बजेट उन्मुख रहेको छ ।

७. अब म चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।चालु आर्थिक वर्ष २०८०।०८१ का लागि रु ४० करोड २८ लाख ९७ हजार ९० रुपैयाँ ९८ पैसा बजेट विनियोजन भएकोमा चालु तर्फ विनियोजित रकम रु २६ करोड ५० लाख ४९ हजार ४ सय ९० रुपैया ९८ पैसा मध्ये २०८१ जेठ मसान्त सम्म रु १८ करोड ३५ लाख ७० हजार १



२०८१।३।०८

सय ८८ रुपैया १४ पैसा खर्च प्रगति देखिएको छ । जुन कुल चालु बजेटको ६९ दशमलब २५ प्रतिशत हुन आँउछ । त्यसै गरि पूँजिगत तर्फको रु १३ करोड ७८ लाख ७ हजार ६ सय रुपैयाँ मध्ये रु ७ करोड ३५ लाख २७ हजार ६ सय ५ रुपैया खर्च प्रगति भएको छ. जुन कुल पूँजिगत बजेटको ५३ दशमलव ३६ प्रतिशत हुन आँउछ । यस प्रकार कुल खर्च २५ करोड ७० लाख ९७ हजार ७ सय ९३ दशमलव १४ पैसा भएको छ । जुन कुल बजेटको ६३ दशमलब ८१ प्रतिशत खर्च प्रगति हुन गएको छ ।

**सभाध्यक्ष महोदय**,

अब म ब्याँस गाउँपालिकाको बजेट प्रणालीमा देखिएका मुख्य चुनौतीहरु संक्षेपमा प्रस्तुत गर्न चाहान्छु ।

८. संघ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम समयमा प्राप्त नहुने तथा अनुमान गरिए अनुसार प्राप्त नहुनाले गाउँपालिका अन्तरगत रहेका सम्पुर्ण विकास निर्माणका क्षेत्रहरुमा यथेष्ट बजेट विनियोजन हुन नसक्नु हाम्रो सामु चुनौतीको रुपमा रहेको छ ।

९. राजस्व प्रणालीमा सुधार, चुहावट नियन्त्रणर करको दायरा विस्तार गरि राजस्व परिचालन वृद्धि गर्नुपर्ने आवश्यकता महसुस गरेको छु । अप्रत्यक्ष एवं आयातमा आधारित राजस्वलाई क्रमशः प्रत्यक्ष एवं आन्तरिक उत्पादनमा आधारित बनाई राजस्व संरचनामा परिवर्तन गर्नु चुनौतीपूर्ण रहेको छ ।

१०. ब्यास गाउँपालिकाको सार्वजनिक प्रशासनलाई व्यवसायिक, दक्ष र नतिजामुखी बनाई स्थानीय सरकारको उद्देश्य प्राप्तिमा प्रभावकारी रुपमा परिचालन गर्नु चुनौतीपुर्ण रहेको छ । चालु आर्थिक वर्षमा पुँजीगत खर्चको प्रभावकारीता बढ्न सकेको छैन । स्थानीय स्रोत साधनको समुचित परिचालन मार्फत सार्वजनिक खर्चलाई उपलब्धीमुलक बनाउने चुनौती हाम्रो सामु रहेको छ ।

११. साधारण खर्चलाई बाञ्छित सिमाभित्र राख्ने र विनियोजन दक्षता तथा कार्यान्वयन संयन्त्रको क्षमता अभिबृद्धि गर्ने उद्देश्यका साथ बजेट प्रणालीमा सुधारको प्रस्ताव गरेको छु । यसबाट सार्वजनिक खर्चलाई प्रभावकारी र उपलब्धीमुलक बनाउन सहयोग पुग्ने अपेक्षा गरेको छु ।

**सभाध्यक्ष महोदय**

माथि उल्लेखित चुनौतीहरुलाई मनन् गर्दै सरकारी, निजी र सहकारी क्षेत्रको लगानी विस्तार गरि उत्पादन, उत्पादकत्व र रोजगारी अवसर बढाउने, आर्थिक तथा सामाजिक पुर्वाधार निर्माण गरि गाउँपालिकाको दिगो विकासको आधार तयार गर्ने तर्फ जोड दिएको छु । सार्वजनिक

स्रोतको समुचित तथा उपलब्धिमुलक परिचालन गर्नुका साथै उपलब्ध स्रोत साधन तथा लाभको समन्यायिक वितरण गरि धनी र गरिब बीचको खाडल कम गर्नुपर्ने आवश्यकता महसुस गरि बजेटका उद्देश्य तथा प्राथमिकता तय गरेको छु ।

१२. अब म यस बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**उत्पादनशीलता र रोजगारी बृद्धि:**

समावेशी विकास भन्ने ध्येयका साथ प्रस्तुत आर्थिक वर्ष २०८१।०८२ को बजेटका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

- ❖ गाउँपालिकाको विकासलाई फराकिलो, दिगो, समावेशी र जनमैत्री बनाउनु,
- ❖ गुणस्तरिय सामाजिक विकास, सुरक्षा र न्यायको प्रत्याभूति गर्नु,
- ❖ लगानीमैत्री वातावरण निर्माण गरि निजी क्षेत्रको मनोबल उच्च पार्ने र आय तथा रोजगारीका अवसर सिर्जना गरि गरिबी न्युनीकरण गर्नु,
- ❖ बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारीता अभिबृद्धि गर्नु,

बजेटका प्राथमिकताहरु निम्नानुसार रहेका छन्

- ❖ कृषि क्षेत्रको रुपान्तरण,
- ❖ गाउँपालिका, निजी र सहकारी क्षेत्रको सहकार्यमा उत्पादन र उत्पादकत्व बृद्धि, रोजगारी सिर्जना र गरिवि निवारण,
- ❖ नव प्रर्वतनमा आधारित स्थानीय विकास,
- ❖ पूर्वाधार विकास,
- ❖ ग्रामीण विद्युतीकरण,
- ❖ पर्यटन क्षेत्रको पुनरुत्थान,
- ❖ वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनका जोखिम न्युनीकरण,
- ❖ प्रभावकारी सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन,
- ❖ दिगो विकास,
- ❖ परम्परागत धर्म संस्कृतिको संरक्षण एवं सम्वर्द्धन,
- ❖ आधुनिक एवं गुणस्तरीय स्वास्थ्य सेवा,
- ❖ सूचना तथा सञ्चार क्षेत्रको स्तरोन्नति,
- ❖ नि:शुल्क एवं आधुनिक शिक्षा,
- ❖ परामर्श सेवा,
- ❖ आत्मनिर्भर तथा क्षमता अभिवृद्धिका लागि सिपमुलक तालिम,
- ❖ युवा स्वरोजगार तथा आय आर्जनमा वृद्धि।

**सभाध्यक्ष महोदय**

१३. अब म बजेटको स्रोतको व्यवस्था र विनियोजन प्रस्तुत गर्न अनुमति चाहन्छु ।

आर्थिक वर्ष २०८१।०८२ मा ब्याँस गाउँपालिकाको लागि संघीय सरकारबाट प्राप्त हुने राजस्व वाडफाडको रकम रु ८ करोड ८० लाख ५६ हजार ४ रुपैया, प्रदेश सरकारबाट प्राप्त राजस्व वाडफाडको रकम रु ३१ लाख ७० हजार, स्थानीय सरकारको बिभाज्यकोषमा संकलन हुने रकम ४० हजार, संघ वित्तीय समानीकरण रु ८ करोड ३१ लाख, संघ सशर्त अनुदान १६ करोड १० लाख २८ हजार, संघ समपुरक अनुदान १ करोड १० लाख, संघ विशेष अनुदान प्राप्त नभएको, प्रदेश वित्तीय समानीकरण ७३ लाख ९४ हजार, प्रदेश समपुरक अनुदान २२ लाख ८२ हजार, प्रदेश विशेष अनुदान ७५ लाख, गत वर्षको मौज्दात रु १ करोड २० लाख र आन्तरिक आय रु ३० लाख र पर्वतारोहण, जलविद्‌युत, वन जस्ता क्षेत्रबाट प्राप्त हुने रोयल्टी रकम रु ९ लाख ४३ हजार ९ सय ८६ रुपैया गरी कुल रु ३७ करोड ९५ लाख १४ हजार आय अनुमान गरिएको छ ।

१४. ब्याँस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१।०८२ को व्यय तर्फ वडा स्तरीय योजना तथा कार्यक्रम खर्च रु १ करोड १४ लाख, विषयगत शाखाहरुको चालु तथा पुँजीगत कार्यक्रम खर्च रु १ करोड १२ लाख प्रदेश विशेष कार्यक्रममा ७५ लाख, प्रदेश समुपुरक अनुदान अन्तरगत २२ लाख ८२ हजार, संघ समपुरक १ करोड १० लाख, संघ विशेष अनुदान अन्तरगत प्राप्त नभएको , गाउँ कार्यपालिका चालु प्रशासनीक खर्च ८ करोड ८० लाख ५६ हजार ४ रुपैया, ब्याँस गाउँपालिकाको तिमुरबाटा हुती धौलाकोट मडगाउ माल सडकमा १ करोड ३० लाख, हिमालय मा वि भवन निर्माणमा ६५ लाख, १५ शैया अस्पताल निर्माणमा ५० लाख, पुजीगत जोड कोष २ करोड २० लाख, रानीस्थान ब्रहम मन्दिर धार्मिक तथा पर्यटकिय स्थलमा २० लाख, हुती माङरौ देखि बसेडी सडक निर्माणमा २० लाख, खर मुक्त कार्यक्रम ५ लाख, विपद व्यवस्थापन कोष २० लाख, उपचार कोषमा ५ लाख, आवास विहिनलाई आवास कार्यक्रम १० लाख, एक वडा एक नमुना आ वि कार्यक्रम १० लाख, सार्वजनिक स्थलहरुमा शौचालय निर्माण कार्यक्रम ५ लाख, खानेपानी मर्मत तथा व्यवस्थापनमा ८ लाख, आकस्मिक कोषमा ९ लाख, वडा कार्यालय भवनमा टेवा पर्खाल निर्माण वडा नं ६ मा १५ लाख, विद्यालयहरुमा फर्निचर व्यवस्थापन ५ लाख, ठुलखोला पहिरो नियन्त्रणका लागि विक्षारोपण तथा संरक्षण कार्यक्रम वडा नं ३ लाख, मडगाउँ देखि पालिका भवन सम्म पि सि सि बाटो निर्माण १० लाख, सामुदायिक स्वास्थ्य इकाइ धारडोब ८ लाख, वडा नं ६ कार्यालय भवन निर्माण १० लाख, प्रधानमन्त्री रोजगार कार्यक्रम लागत साझेदारी १५ लाख, तिंकर सडक निर्माण ब्याँस गाउँपालिका क्षेत्र ५ लाख, स्थानिय सामाजिक सुरक्षा भत्ता ५ लाख, गरिवी निवारण कोष संचालन तथा व्यवस्थापन ५ लाख, शिक्षा,स्वास्थ्य, रोजगार सेवा केन्द्र, कृषि, पशु, उद्यम विकास, बहुक्षेत्रीय पोषण, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण लगायतका क्षेत्रहरुमा कार्यरत कर्मचारीहरुको तलब भत्ता र कार्यक्रम खर्च साथै झोलुङ्गे पुल, युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना, राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तरगत अनुमानित आन्तरिक स्रोत (अल्या) तर्फ १ करोड २० लाख गरि जम्मा रु ३७ करोड ९५ लाख १४ हजार व्यय अनुमान गरिएको छ ।

**सभाध्यक्ष महोदय,**
आर्थिक वर्ष २०८१।०८२ को अनुमानित आयव्ययको विवरण अनुसूचीमा उल्लेख गरेको छु ।

१५. आर्थिक वर्ष २०८१।०८२ को बजेटको कार्यान्वयनबाट मुलुकको आर्थिक बृद्धिमा योगदान पुग्ने, कृषि क्षेत्रको रुपान्तरणको आधार निर्माण हुने, आधारभूत पुर्वाधार निर्माण हुने, सामाजिक क्षेत्रमा लगानीको माध्यमबाट गुणस्तरीय जीवनोपयोगी शिक्षा तथा आधारभूत स्वास्थ्यसेवाको पँहुच बृद्धि हुने, गरिबीमा कमि आउने र सामाजिक सुरक्षाका कार्यक्रम मार्फत सामाजिक न्यायको जग मजबुत भई समावेशी विकास हुने तथा न्यायपूर्ण समाज निर्माणमा योगदान पुग्ने अपेक्षा लिएको छु ।

१६. सिंचाई, तटबन्धन मार्फत विपद् व्यवस्थापन, विद्युत सेवाको विस्तार, सडक र सूचना प्रविधि सम्बन्धी आयोजनाहरुको कार्यान्वयनबाट सामाजिक र आर्थिक विकासको आधारशीला निर्माण हुने अपेक्षा लिएको छु । कृषि तथा पर्यटन, लघु उद्योग, विद्युत र सेवा लगायतका क्षेत्रमा थप रोजगारी सिर्जना हुने अपेक्षा लिएको छु ।

१७. प्रस्तुत बजेट तर्जुमाको क्रममा मार्गदर्शन र रचनात्मक सुझाव प्रदान गर्नुहुने गाउँपालिका अध्यक्ष, गाउँ सभाका सदस्यहरु, वडा समिति, विषयगत समितिहरु लगायत गाउँ कार्यपालिकाको कार्यालय प्रति हार्दिक सम्मान एवं आभार व्यक्त गर्दछु । अन्त्यमा सबै ब्याँसबासी दिदीवहिनी तथा दाजुभाइहरुलाई ब्याँसको विकास र ब्याँसी नागरिकहरुको जीवनस्तरमा उल्लेखनीय रुपमा परिवर्तन ल्याउन एकजुट हुन समेत हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद

२०८१।३।८